# बगनासकाली राजपत्र

बगनासकाली गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

वर्ष–७, संख्या २, मिति २०८०/०३/३०

## भाग २

## बगनासकाली गाउँपालिकाको

# जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८०

–स्वीकृत मिति २०८०/०३/१७

**प्रस्तावना :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गर्न समाजका जेष्ठ नागरिकलाई परिचय-पत्र प्रदान गर्न वाञ्छनीय रहेकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बगनासकाली गाउँकार्यपलिकाको मिति २०८०/०३/१७ को बैठकले यो कार्यविधि पारित गरी लागू गरेको छ ।

## परिच्छेद - १

१. **सक्षिप्त नाम र प्रारम्भः-** यो कार्यविधिको नाम "जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८०" रहेको छ ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क. "कार्यालय" भन्नाले बगनासकाली गाउँपालिकाको कार्यालय सम्भनुपर्छ ।

ख. "शाखा" भन्नाले बगनासकाली गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा सम्भनुपर्छ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत कर्मचारी बुभ्नुपर्छ ।

घ. "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्भनुपर्छ ।

ङ. "वडा कार्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका वडा कार्यालय सम्भनुपर्छ ।

च. "गाउँपालिका" भन्नाले बगनासकाली गाउँपालिका सम्भनुपर्छ ।

## परिच्छेद - २

## परिचय-पत्र वितरणका आधार

**३.** नेपालको संविधान, २०७२को धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

## परिच्छेद - ३

## उद्देश्य

**(४)** ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागि अनुसूचि-४ को ढाँचामा लगत राख्ने ।

**५)** नेपालको संविधानले प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित तथा ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन सार्वजनिक कार्य, स्वास्थ्य सेवा, तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

**६)** प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

## परिच्छेद - ४

## ज्येष्ठ नागरिकको वर्गीकरण

**७) ज्येष्ठ नागरिक सम्बन्धी नियमावली,** २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ ।

(क) साठी वर्ष पूरा गरी सत्तरी वर्ष उमेर पूरा नगरेका ज्येष्ठ नागरिक ।

(ख) ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु ।

(ग) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(घ) असाह्य ज्येष्ठ नागरिक ।

(ङ) अशक्त ज्येष्ठ नागरिक ।

(च) एकल ज्येष्ठ नागरिक ।

## परिच्छेद - ५

## परिचय-पत्र वितरणका मापदण्ड

**८) निवेदन दिनुपर्ने :-** जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्नका लागि अनूसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

**९) ज्येष्ठ नागरिक सम्बन्धी नियमावली,** २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पूरा भएका नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**१०)** परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-२ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ । उक्त परिचय-पत्र एकातर्फ नेपाली भाषामा र पछाडीपट्टी अंग्रेजी भाषामा समेत हुनेछ ।

# परिच्छेद - ६

## परिचय-पत्र वितरण प्रक्रिया

**(११)** ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

**(१२)** निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र तीन (३) प्रति पासपोर्ट साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

**(१३)** ज्येष्ठ नागरिक परिचय-पत्र गाउँपलिकाको कार्यालय मार्फत प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीद्वारा प्रदान गरिने छ ।

**(१५)** परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको Software/Computerized गरी अनुसूची-३ बमोजिमको ढाँचामा राखी वडा तथा गाउँपालिका कार्यालय मार्फत वार्षिक रुपमा सम्बन्धित प्रदेश र संघको मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

**(१६)** ज्येष्ठ नागरिक परिचय-पत्र प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्नेछ ।

**(१७)** यस गाउँपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाणपत्र भएमा अनिवार्य रुपमा निजले बसाई-सराई वा मतदाता परिचयपत्र पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ७

## खारेजी र बचाउ

**१८)** यस पूर्व महिला तथा बालबालिका कार्यालय, गाउँ कार्यपालिकाको कार्यालयबाट वितरण भएका जेष्ठ नागरिक परिचय-पत्र वितरण यसै बमोजिम भएको मानिने छ ।

## परिच्छेद - ८

## विविध

**१९)** ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धी अन्य कुराहरु बगनासकाली गाउँकार्यपालिका आफैले निर्धारण गर्नेछ ।

**२०)** गाउँकार्यपालिकालाई उचित लागेमा कार्यपालिकाका ज्येष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिमका सदस्य रहने गरी एक ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

**२१)** जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानूनको अधीनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची १

फोटो

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,** **मिति :२०  /  /**
**बगनासकाली गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**चिर्तुङ्गधारा, पाल्पा ।**

### विषय : जेष्ठ नागरिक परिचय-पत्र पाउँ ।

उपर्युक्त सम्बन्धमा बगनासकाली गाउँपालिकाको जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८० को परिच्छेद-५, नियम ८ अनुसूची-२ अनुसारको परिचय-पत्र पाउनको लागि निम्न बमोजिमको विवरण सहित अनुरोध गर्दछु ।

**निवेदक**
**नाम, थर :**
**हस्ताक्षर :**

### १. ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण :

(क) ज्येष्ठ नागरिकको नाम, थर :

(ख) बाबु/आमाको नाम :

(ग) जन्म मिति र स्थान :

(घ) ठेगाना :

(अ) स्थायी ठेगाना : जिल्ला.............गा.पा.........................वडा नं.........

टोल/गाउँ..................फोन नं.........................इमेल........................

(आ) अस्थायी ठेगाना : जिल्ला................गा.पा.............वडा नं............

टोल/गाउँ..................फोन नं..................इमेल............................

(ङ) लिङ्ग :

(च) स्वास्थ्य सम्बन्धी विवरण (कुनै विशेष रोग वा अपाङ्गता भए खुलाउने)...........

(छ) नागरिकता.......................

## २. वर्गीकरण:-

(क) सत्तरी वर्ष उमेर पुरा नगरेका ज्येष्ठ नागरिक (ख) सत्तरी वर्ष उमेर पुरा गरेका वरिष्ठ ज्येष्ठ नागरिक (ग) असहाय ज्येष्ठ नागरिक(घ) अशक्त ज्येष्ठ नागरिक (ङ) एकल ज्येष्ठ नागरिक

## ३. ज्येष्ठ नागरिकको परिवार सम्बन्धी विवरण :

(क) पति/पत्नीको नाम,थर :

(ख) सगोलका छोरा, बुहारी, छोरी, नाती, नातिनीको नाम, थर र ठेगाना:

(ग) छुट्टिइ भिन्न बसेका छोरा, बुहारी, छोरी, नाती, नातिनीको नाम, थर र ठेगाना :

४. ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता :

(क) शैक्षिक योग्यता............................ (ख) पेशागत दक्षता........................

(ग) अनुभवको क्षेत्र..........................

५. ज्येष्ठ नागरिकको सम्पत्ति विवरण :

(क) चल सम्पत्ति :

(ख) अचल सम्पत्ति :

**प्रमाणित गर्नेको**

**नाम, थर :**

**पद :**

**निकाय :**

# अनुसूची - २

फोटो

**बगनासकाली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चिर्तुङ्गधारा, पाल्पा**

## ज्येष्ठ नागरिक परिचय-पत्र

नाम, थर : ..........................................................

ठेगानाः जिल्ला : ...................... गा.पा/न.पाः..............................

वडा नं :................ टोल/गाउँ :.................

उमेर :................ .लिङ्ग :.........................

उपलब्ध छुट तथा सुविधाहरु :..........................................................

पति/पत्नीको नाम : ..........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण : ..........................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना मोबाइल नं.:

..........................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधीको नाम :

..........................................................................................................

**प्रमाणित गर्ने अधिकृतको**

**दस्तखतः**

**नाम, थरः**

**पदः**

**कार्यालयः**

Annex - 2
Baganaskali Municipality
Office of the Municipal Executive
Chirtungdhara, Palpa
Lumbini Province, Nepal

Photo

# Senior Citizenship Card

Card No......................

Name........................... Nationality......................

Citizenship No..........................

Address: Province............. District.................

Municipality ward No.............Tole/Village...............

Age......... Sex.................. Date of birth................

Available Service..........................

Name of Wife/Husband......................................

Name of caretaker, Contact No ..........................

Blood Group.............Diseases Name...................

Name of drugs...........................

**Approved by:-**
**Signature:-**
**Name:-**
**Designation:-**
**Office:-**

# अनुसूची-३

## बगनासकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## चिर्तुङ्गधारा, पाल्पा

## ज्येष्ठ नागरिक परिचय-पत्रवाहकको अभिलेख

| सि.नं. | नाम थर | परिचय पत्र नं. | ठेगाना | जन्ममिति | उमेर | नागरिकता प्रमाणपत्र नं. जारी मिति र जारी गर्ने जिल्ला | वैवाहिक स्थिती | फोटो | परिचय-पत्र जारी मिति | परिचय-पत्रजारी गर्ने अधिकारीको नाम थर र पद | संरक्षकको नाम, थर, नाता र सम्पर्क नं | परिचय-पत्र बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

# अनुसूची-४

## लगतको ढाँचा

| महिला | | | | | | पुरुष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | नाम थर | ठेगाना | परिचयपत्र नं | ज्येष्ठ (६० वर्ष पुरा गरेका) | वरिष्ठ ज्येष्ठ (७० वर्ष पुरा गरेका) | क्र.सं | नाम थर | ठेगाना | परिचयपत्र नं | ज्येष्ठ (६० वर्ष पुरा गरेका) | वरिष्ठ ज्येष्ठ (७० वर्ष पुरा गरेका) |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**आज्ञाले**

**बद्रिनाथ लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**